फोन : ५५२३४५२
५५२१५०२
इमेल : csiolalitpur@gmail.com

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय, ललितपुर
पाटन औद्योगिक क्षेत्र, ललितपुर

प.सं. २०८३/०८४
च.नं.

# नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिताको लागि म्याद थप सम्बन्धी सूचना

**म्याद थप सूचना प्रकाशन मिति : २०८३।०७।०९**

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय हेटौंडाको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ मन्त्रालयले दश दिनभित्र प्रस्ताव पेश गर्न आव्हान गरी मिति २०८३।०६।२३ मा सूचना प्रकाशन गरेकोमा उक्त म्याद भित्र उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय, ललितपुरमा कुनै पनि प्रस्ताव पेश हुन नआएकोले नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१ को दफा ८(क) को व्यवस्था बमोजिम मिति २०८३।०७।१८ गते सम्मको लागि म्याद थप गरिएको छ ।

नवप्रवर्तन उद्यमी सम्मान, २०८१ को अनुसूची २ बमोजिमको निवेदनको ढाँचामा तोकिएको म्याद (२०८३।०७।१८ को कार्यालय समय) भित्र तपशिलका कागजात संलग्न गरी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

तपशिलः

१.नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड,२०८१" को अनुसूची-२, बमोजिमको प्रस्ताव,
२.नागरिकताको प्रतिलिपि,
३.दुई प्रति पासपोर्ट साइजको फोटो,
४.उद्योग दर्ता/ नविकरणको प्रतिलिपि,
५.करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६.PAN/VAT दर्ताको प्रतिलिपि,
७.सम्बन्धित स्थानिय तहको सिफारीस पत्र,
८.विशेष प्राथमिकता समूह खुल्ने निस्सा,
९.निवेदन पेश गर्दा बुझाएको रु १०० को बैंक भौचर अथवा नगदि रसिद ।

उद्योग अधिकृत